"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : २०८०/०८१
चलानी नं. : ६८६

मिति : २०८०/१०/२५

हार्दिक शुभकामना

तामाङ समुदायको नँया वर्षको रुपमा हरेक वर्ष माघ शुक्ल प्रतिप्दाको दिन हर्षोल्लासपूर्वक मनाईने साँस्कृतिक पर्व मञ्जुश्री संवत् २८६० डुकु/मु ल्हो सोनाम ल्होछारको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण तामाङ समुदायका दाजुभाई तथा दिदीबहिनीहरुमा सुस्वास्थ्य, दिर्घायु, सुख, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

यस पर्वले बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक, जातीय विविधायुक्त यस नगरपालिकाका सम्पूर्ण नगरबासीमा आपसी सद्भाव, सामाजिक एकता र भातृत्व कायम गर्ने अपेक्षा सहित बन्धुत्व, प्रेम र समताको भावना बढाई शान्त, समुन्नत तथा समृद्ध नमोबुद्ध बनाउन सबैमा प्रेरणा प्रदान गरोस भन्ने कामना व्यक्त गर्दछौं।

यसै अवसरमा तामाङ समुदायहरुको बाहुल्यता रहेको यस नगरपालिकामा मिति २०८० माघ २८ गते आईतबार (१ दिन) सार्वजनिक विदा दिने मिति २०८०/१०/२५ गतेको नगर कार्यपालिका बैठकको निर्णयानुसार उक्त अवधिमा अत्यावश्यक सेवा बाहेक यस नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र मातहतका सम्पूर्ण वडा कार्यालयहरु, स्वास्थ्य संस्था लगायतका सेवा केन्द्र तथा शैक्षिक सँस्थाहरु बन्द रहने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै यसबाट सेवाग्राहीमा पर्न जाने असुविधा प्रति नगरपालिका क्षमाप्रार्थी छ।

**ल्होछार ल ज्याबा डान्बा।**

................................
(कुनसाङ लामा)
नगर प्रमुख